

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ५९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ फागुन ३० गते मंगलबार ❑ 14 March 2023 ❑ पृष्ठ ६ ❑ मूल्य रू. ५ ।-


## नवनिर्वाचित राष्ट्रपति पौडेलबाट शपथ ग्रहण

**रासस**
काठमाडौं, २९ फागुन

नवनिर्वाचित राष्ट्रपति रामचन्द्र पौडेलले पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभएको छ।

राष्ट्रपति कार्यालय, शीतल निवासमा आइतबार आयोजित विशेष समारोहमा नवनिर्वाचित राष्ट्रपति पौडेललाई कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्कीले शपथ गराउनु भएको हो । उहाँ यही फागुन २५ गते राष्ट्रपति पदमा निर्वाचित हुनुभएको थियो। नेपालको संविधानमा राष्ट्रपतिले आफ्नो कार्यभार सम्हाल्नुअघि सङ्घीय कानुनबमोजिम प्रधानन्यायाधीशसमक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ। समारोहमा निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारी,



उपराष्ट्रपति नन्दबहादुर पुन, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', राष्ट्रियसभा अध्यक्ष, पूर्वराष्ट्रपति डा रामवरण यादव, पूर्वप्रधानमन्त्रीहरू र मन्त्रिपरिषद्का पूर्वअध्यक्ष सहभागी हुनुहुन्थ्यो । यसैगरी, समारोहमा उपप्रधानमन्त्री, मन्त्रिगण, सांसद, संवैधानिक निकायका प्रमुखहरू, सरकारका विशिष्ट श्रेणीका कर्मचारी, सुरक्षा निकायका प्रमुखहरू, नेपालस्थित कूटनीतिक नियोगका प्रतिनिधि, विभिन्न राजनीतिक दलका नेताहरू, सञ्चारकर्मीलगायत सहभागी हुनुहुन्थ्यो। राष्ट्रपति पौडेललाई शपथ ग्रहणपछि निवर्तमान राष्ट्रपति भण्डारी, उपराष्ट्रपति पुन, प्रधानमन्त्री दाहाल, पूर्वप्रधानमन्त्रीहरू लगायतले बधाई दिनुभएको थियो। राष्ट्रपति पौडेलको सम्मानमा राष्ट्रपतिको कार्यालयले दिवाभोजको आयोजना गरेको छ ।

सोही समारोहमा राष्ट्रपति पौडेल र प्रधानमन्त्री दाहालले निवर्तमान राष्ट्रपति भण्डारीलाई बिदाइ गर्नुभएको थियो । त्यस अवसरमा नेपाली सेनाले विषेश सम्मान अर्पण गरेको थियो । नेपालको संविधानमा एक राष्ट्रपति रहने र राष्ट्रपतिले राष्ट्रिय एकताको प्रवर्द्धन गर्ने उल्लेख छ । संविधानको पालना र संरक्षण गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ। नेपालमा विसं २०६२-६३ को जनआन्दोलनको उपलब्धिका रूपमा गणतन्त्र स्थापना भएसँगै राष्ट्रपतीय प्रणालीको अभ्यास सुरु भएको हो । राष्ट्रपतिको पदावधि निर्वाचित भएको मितिले पाँच वर्ष हुने र दुई कार्यकाल राष्ट्रपति निर्वाचित भइसकेको व्यक्ति निर्वाचनमा पुनः उम्मेदवार हुन नमिल्ने संविधानमा उल्लेख छ।

## प्रमिला यादवद्वारा उपराष्ट्रपति पदको उम्मेदवारी फिर्ता

**रासस**
काठमाडौं, २९ फागुन

जनता समाजवादी पार्टी (जसपा) नेपालकोतर्फबाट उपराष्ट्रपति पदमा उम्मेदवारी दिनुभएकी सांसद प्रमिलाकुमारी यादवले आफ्नो उम्मेदवारी फिर्ता लिएको घोषणा गर्नुभएको छ।

पार्टीको तर्फबाट उपराष्ट्रपति पदका लागि उम्मेदवार बन्नुभएका सांसद रामसहायक यादवलाई समर्थन गर्दै उहाँले उम्मेदवारी फिर्ता लिनुभएको हो । सांसद यादवले प्रेस विज्ञप्तिमार्फत लामो सङ्घर्ष र त्याग गर्नुभएका स्वच्छ छवि र उच्च विचारका रामसहायकलाई समर्थन गर्नाका साथै सहयोग गर्न पनि सबैलाई आग्रह गर्नुभएको छ । 'अब उप्रान्त म उपराष्ट्रपति पदका लागि उम्मेदवार नरहेको हुँदा गठबन्धनका तर्फबाट उम्मेदवार रहनुभएका माननीय यादवलाई आफ्नो अमूल्य मत लिई विजयी गराउन हुन सम्पूर्ण माननीय सांसद एवं माननीय प्रदेशसभा सदस्यलाई अपिल गर्दछु' विज्ञप्तिमा भनिएको छ।

यही फागुन २५ गते जसपाको कार्यकारिणी समितिको बैठकले संसदीय दलका नेता यादवलाई उम्मेदवार बनाउने निर्णय गरेको थियो।

## जिल्ला समन्वय समिति कास्कीका कार्यालयहरूको अर्धबार्षिक समिक्षा

**पोखरापत्र संवाददाता**
पोखरा, २९ फागुन

जिल्ला समन्वय समिति कास्कीको आयोजनामा संघ, प्रदेश र स्थानीय तहबाट आर्थिक वर्ष २०७९/८० मा सम्पादित कार्यहरूको अर्ध बार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको छ।

आइतबार र सोमबार गरि दुई दिन सम्म चेलेको समिक्षा बैठकमा कास्कीका विभिन्न कार्यालयमा संचालित योजना तथा बिकास निर्माणका कार्यहरूको समिक्षा गरिएको थियो । कार्यक्रममा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले तिनै तहका सरकारका कामहरूको सहजीकरणका लागि कार्यक्रम आयोजना गरिएको भन्दै तिनै तहका सरकार र निकायहरू समयमा काम सम्पन्न गर्ने गरि लागि पर्न आग्रह गर्नुभयो । पौडेलले निर्माणाधिन केही आयोजनाका गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको हुँदा गुणस्तरमा कुनै कमजोरी देखिन नहुने उल्लेख गर्दै यदि त्यस्तो पाइएमा कुनै सम्झौता नहुने प्रष्ट पार्नु भयो। उहाँले स्रोतको उचित प्रयोग, गुणस्तरमा प्रतिबद्धता र जनगुनासोको सम्बोधन सहित समयमा बिकास निर्माणका काममा लाग्न सबै स्थानिय तह र विभिन्न बिभागिय कार्यालयका प्रमुखहरूलाइ निर्देशन दिनुभयो।

कार्यक्रम जिल्ला समन्वय समिति कास्कीका उपप्रमुख सरिता माल, कास्किका प्रमुख जिल्ला अधिकारी टेक बहादुर के.सि., स्थानीय पूर्बाधार बिकास आयोजना कार्यालय पोखराका प्रमुख सह सचिब कुमार थापा, जिल्ला समन्वय अधिकारी नबराज बराल, रूपा गाउँपालिकाका अध्यक्ष नवराज ओझा, लगायतले बिकासमा बिभागिय कार्यालयहरूको एकीकृत समन्वयमा जोड दिनु भएको थियो । कार्यक्रममा कास्कीका छनोट भएका कुल २२ वटा कार्यालय मध्ये २० वटाले आ आफ्नो प्रस्तुति गरेका र नेपाल विद्युत प्राधिकरण मालेपाटन र जलस्रोत तथा सिचाइ बिकास डिभिजन कार्यालय कास्की अनुपस्थित रहेको जि.स.स. कास्किले उल्लेख गरेको छ।

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९५ बमोजिम उक्त कार्यक्रम आयोजना गरिएको थियो। कास्किमाचालू आर्थिक बर्षको पहिलो छ महिनामा पुजिगत खर्च तर्फ औषत १५ प्रतिसत मात्रै खर्च भएको पाइएकोले कार्यसम्पादन स्तर सुधार्न निर्देशन दिइएको जिल्ला समन्वय अधिकारी नबराज बराललले बताउनु भयो। कार्यक्रम जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न भएको थियो।

## योजनावद्ध विकास आवश्यक : उपमहासचिव गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, २९ फागुन

नेकपा एमालेका उपमहासचिव पृथ्वीसुव्वा गुरुङले योजनाबद्ध विकास अहिलेको आवश्यकता भएको बताएका छन् । देशको चौतर्फी विकासका लागि आवधिक कार्ययोजना आवश्यक हुने उनको तर्क थियो।

उनले कार्यायोजना बिनाको कुनै पनि काम सफल नहुने भन्दै हरेक क्षेत्रमा यसको महत्व रहेको दाबी गरे । प्रेस चौतारी नेपाल गण्डकी प्रदेश कमिटीको पोखरामा सम्पन्न तेस्रो बैठकलाई सम्बोधन गर्दै गुरुङले संगठनलाई चुस्त राख्नुपर्नेमा पनि जोड दिए। एमालेका जनसंगठनहरुमा रहेका कमजोरीहरुको खोजी र निराकण गर्नुपर्ने उनको धारणा थियो ।




कम्युनिष्ट पार्टीहरुमा सिद्धान्त प्रधान हुने भएकाले संसाररभरका कम्युनिष्टहरुले विधिमा बसेर काम गर्ने गरेको पनि जिकिर गरे। 'कहिलेकाहिँ पार्टीमा सिद्धान्त र विधिभन्दा व्यक्तिप्रधान भएको देखिन्छ, तर विशिष्ट परि स्थितिमा मात्रै त्यस्तो देखिएको हो', गुरुङले भने,'सिद्धान्त र विधिलाई व्यवहारमा लागू गर्नसक्ने, विशिष्ट परिस्थितिको सामना गर्नसक्ने व्यक्ति नै नेता हो ।' बैठकलाई सम्बोधन गर्दै नेकपा एमाले गण्डकी प्रदेश कमिटीका उपसचिव तथा प्रचार विभाग प्रमुख रस्मी आचार्यले पत्रकारिता क्षेत्र प्रविधि मैत्री हुनुपर्नेमा जोड दिए । आचार्यले सूचना र सञ्चारको युग भएकाले दिनदिनै परिवर्तन हुने प्रविधिलाई युवा पत्रकारहरुले आत्मसाथ गर्नसक्नुपर्ने बताए । बैठकमा नेकपा एमालेका प्रदेश कमिटी सदस्य तथा प्रेस चौतारी इञ्चार्ज रामकृष्ण ज्ञवाली, केन्द्रीय उपाध्यक्ष गणेश पाण्डे, महासचिव हिरामान लामा, सचिव शुष्मा पौडेल र कोषाध्यक्ष इन्द्र आचार्यलेलगायतले बोलेका थिए । बैठकले संगठन सुदृढीकरणसहित प्रदेश अध्यक्ष इन्द्रप्रसाद पौडेलले राखेका २१ प्रस्ताव पारित गरेको छ । बैठकबाट विभिन्न विभाग गठन गरिएको महासचिव आश गुरुङले बताए।

## महानगर सार्वजनीक लेखा समितिको अनुगमन

**पोखरापत्र संवाददाता**
पोखरा, २९ फागुन

पोखरा महानगरपालिका सार्वजनीक लेखा समितिले वडा कार्यालयको लेखा प्रणाली, आर्थिक, प्रशासनीक, शिक्षा, स्वास्थ्य लगायतका विषयमा अनुगमन सुरु गरेको छ।

वडा कार्यालयमा सम्पादन हुने लेखा सम्वन्धि कार्यहरु पारर्दशी भए नभएको, खर्च र आम्दानीका विषयमा अनुमगन गदै वडाका जनप्रतिनिधिसंग छलफल गरेको छ । लेखा समितिले सोमबार पोखरा महागनर वडा नम्वर १० बाट अनुगमन सुरु गरेको हो । लेखा समितिका सभापति झपट रानाभाट, सदस्यहरु बलराम पौडेल, विष्णुमणी बराल, दुर्गादेवी के.सी.थापा, रामजी प्रसाद पौडेल, लेखा समितिका सदस्यसचिव रोमनाथ उपाध्याय सहितको टोलीले वडाको खर्च खाता, आम्दानी खाता, प्रथम चौमासिकको कुल आम्दानी र खर्चको विवरणका बारेमा वडाध्यक्ष र वडा सचिवसंग



जानकारी लिनुभएको थियो । त्यस्तै वडामा ब्यवसाय दर्ताको अवस्था, घरबाटो फुकुवा, आयश्रोत प्रमाणीकरण, सम्पत्ति मुल्यांकन र अन्य सिफारिसको चलानी सख्या बारे जानकारी लिएको थियो।

समितिले वडाभित्र विद्युत मिटर जडान सिफारिस, संस्था नविकरण सिफारिस र अन्य सिफारिसको अवस्था बारे जानकारी लिएको थियो। समितिले वडाभित्र सञ्चालनमा रहेका सामुदायिक र नीजि विद्यालयको अवस्था, नीजि विद्यालयले दिनुपर्ने छात्रबृत्ति, विद्यालय व्यवस्थापनमा जनप्रतिनिधिको सभागीता लगाएका बारेमा चासो राखेको थियो। समितिले कर तथा राजस्व असुलिको रकम बैकमा समयमा जम्मा भएको नभएको, कर तथा राजस्व असुलिको रकम नगदै रहेको नरहेको यदि रहेको भए कस्को जिम्मा रहेको नरहेको यदि रहेको भए कस्को जिम्मामा रहेको कर तथा राजस्व असुलिमा देखिएको समस्या, लेखा ब्यवस्थापनमा देखिएको समस्या र राजस्व परिचालनमा देखिएको सम्भावनाका बारेमा जनप्रतिनिधि र कर्मचारीसंग प्रश्न गरिएको लेखा समितिका संयोजक झपट रानाभाटले जानकारी दिनुभयो । उहाँले लेखा चुस्तदुस्त राख्नुपर्ने बताउदै वडा कार्यालहरुबाट हुने सेवा प्रवाहलाई थप ब्यवस्थित गर्न अनुगमनले सहज पुऱ्याउने विश्वास ब्यक्त गर्नुभयो । वडा अध्यक्ष राजेश गुरुङले लेखा ब्यवस्थापन, कर्मचारीहरुको कार्यसम्पाद सन्तोषजनक रहेको बताउदै राजस्व संकलनमा समस्या रहेको बताउनुभयो । उहाँले घरभाडा कर संकलन हुन नसकेको बताउनुभयो । मुख्य सडकहरुमा सञ्चालनमा रहेका ब्यवसायीले ३५ सयको घरभाडा सम्झौता ल्याउने गरेको र आफुले हस्ताक्षर नगरेको बताउदै यसलाई ब्यवस्थित गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो। वडा सदस्य पुणचन्द्र न्यौपानेले वडाभित्र रहेको औद्योगिक क्षेत्रभित्रका कति व्यसाय छन भन्ने बारे वडामा जानकारी नहुदाँ वडाको आम्दानीमा करोडौ रुपैयाँ गुमेको बताउनु भयो । महानगरका ३३ वटै वडा कार्यालहरुको आर्थिक, प्रशासनिक, शिक्षा, स्वास्थ्य लगायतका विषयमा अनुगमन गर्ने र अनुगमनका क्रममा देखिएका कमजोरीहरुलाई सुधारका लागि निर्देशन दिने लेखा समिति संयोजक झपट रानाभाटले जानकारी दिनुभयो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# कास्की कारागारलाई आन्तरिक मामिला मन्त्रालयको २० लाख

पोखरापत्र संवाददाता
पोखरा, २९ फागुन

गण्डकी प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयले कास्की कारागारलाई २० लाख बजेट विनियोजन गरेको छ।

आन्तरिक मामिला तथा कानूनमन्त्री रोशन बहादुर गाहा थापाले कारागार तथा कैदीबन्दीको अवस्था र समस्या बारे बुझ्न सोमबार निरीक्षण गर्ने क्रममा भौतिक संरचना मर्मत संभार गर्न उक्त रकम विनियोजन गरेको बताउनुभयो।

उहाँले उक्त बजेटबाट कारागारको भौतिक संरचना मर्मत तथा संभार तथा व्यवस्थापनमा खर्चिनुपर्ने उल्लेख गर्नुभयो।

मन्त्री गाहामगरले सो बजेटबाहेक खेलकुदका समाग्री तथा लाइब्रेरीका लागि पुस्तक तथा ट्रिपाल उपलब्ध गराउने प्रतिबद्धता जनाउनुभयो। उहाँले सरकारले उपलब्ध गाराउनुपर्ने सबै समाग्रीमा कमी हुन नदिने बताउनुहुदै आगामी दिनमासमेत सहयोगका लागि तत्पर रहेको बताउनुभएको थियो । यस्तै मन्त्रालयका सचिव बद्रीनाथ अधिकारीले



कारागारका लागि सो बजेट यथेष्ट नहुने बताउनुभयो । 'अहिले हाम्रो मन्त्रालयले २० लाख छुट्याएको छ। यो रकम पर्याप्त होइन । तैपनी यहाँको समस्यामा मन्त्रलायको उपस्थिति जनाउन खोजेका हौं, सचिव अधिकारीले भने, 'आगामी दिनमा पनि थप सघाउन हामी कटिबद्ध छौ।' सचिव अधिकारीले आगामी आर्थिक वर्षको बजेटमा छुट्टै व्यवस्था गर्न कारागार तथा कैदीबन्दीको समस्याहरु लिखित रुपमा उपलब्ध गराउन जेलरसँग आग्रह गरेका थिए । यस्तै कास्की कारागार प्रमुख भिमराज कोइरालाले आवश्यक कच्चापदार्थमात्रै उपलब्ध भएको खण्डमा भौतिक पूर्वाधार निर्माणका लागि कैदीबन्दीनै सक्षम रहेको जानकारी दिए। 'यहाँ बनाउनुपर्ने जे भएपनि कच्चापदार्थ र सामानको आवश्यकता हो, उनले भने,'दक्ष जनशक्तिको यहाँ कमी छैन। जे भन्यो त्यही बन्छ। तर सामान मात्रै चाहिएको अवस्था हो।'

उनले कारागारको आन्तरिक व्यवस्थापनमा कैदीबन्दीहरुले नै व्यवस्था मिलाएको बताए। 'यहाँ भित्र छुट्टै टिम छ। आन्तरिक रुपमा व्यवस्थित बनाउनका लागि समस्या छैन। तर पूर्वाधार निर्माणका लागि भने सरकारले सहयोग गर्नुपर्छ।' कोइरालाले भने।

कारागार अवलोकनको क्रममा कैदीबन्दीहरुले कारागारको क्षमता भन्दा बढी कैदिबन्दी रहेकाले बस्नमा समस्या भएको गुनासो गरेका थिए।

गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री रोशन बहादुर गाहा थापामगरसँगै, सामाजिक विकास तथा स्वास्थ्यमन्त्री पञ्चराम गुरुङ, आन्तरिक मामिला मन्त्रालयका सचिव बद्रीनाथ अधिकारी, नेपाल प्रहरीका गण्डकी प्रदेश प्रमुख डिआइजी बुद्धिराज गुरुङ तथा कास्की प्रहरी प्रमुख प्रहरी उपरीक्षक अजय केसी लगायतको सहभागिता रहेको थियो। कास्की कारागारमा महिला कैदीबन्दीका लागि छुट्टै ब्लक र पूरुषका लागि ब्लक 'ए' र ब्लक 'बि' गरी दुइवटा भवन छन् । सो तीन भवन (कास्की कारागार) मा हाल ४५ महिला ६ आश्रित नाबालिग र ६९४ पुरुष गरि कुल ७ सय ४५ कैदिबन्दी रहेका छन्।

# जुत्ता व्यवसायी संघको रक्तदान

पोखरापत्र संवाददाता
पोखरा, २९ फागुन

जुत्ता व्यवसायी संघ कास्की, शुभबाँसबारी छाला जुत्ता उद्योग सृजनाचोक तथा इको लभ रेष्ट्रो मेथलाङको संयुक्त आयोजनामा खुल्ला रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

रक्तदान कार्यक्रममा ५० युनिष्ट रगत संकलन भएको थियो । कार्यक्रममा प्रमुख अतिथि पोखरा उद्योग बाणिज्य संघका बरिष्ठ उपाध्यक्ष गोकर्ण कार्की तथा विशेष अतिथि रक्त संचार केन्द्र कास्कीका प्राविधिक संयोजक अर्जुन ज्ञवालीले रगतको आवश्यकता, महत्व र यसको दीर्घकालिन फाइदाका विषयमा स्पष्ट पार्दै रक्तदान जीवनदान, जीवनदान महादान भन्ने भनाइलाई प्रष्ट पार्नुभएको थियो।

कार्यक्रममा अतिथिहरु फेन्सी तथा रेडिमेड व्यवसायी संघ, भाँडा व्यवसायी संघ, कस्मेटीक व्यवसायी संघ, थोक तथा खुद्रा व्यवसायी संघ तथा सर्वेश्वर व्यवसायी समितिका अध्यक्षहरुले मन्तव्य राख्नुभएको थियो।

जुत्ता व्यवसायी संघका संस्थापक अध्यक्ष तथा शुभबाँसबारी छाला जुत्ता उद्योग एवं इको लभ रेष्ट्रो का संचालक पवित्र बहादुर नेपालीको अध्यक्षतामा भएको रक्तदान कार्यक्रमको संचालन महासचिव हेमकृष्ण श्रेष्ठले गर्नुभएको थियो।

# गोरखामा ट्रक दुर्घटनामा दुईको मृत्यु, छ घाइते

पोखरापत्र संवाददाता
गोरखा, २९ फागुन

गोरखामा ट्रक दुर्घटना हुँदा सोमबार दुई जनाको मृत्यु भएको छ भने छ जना घाइते भएका छन्।

गोरखा नगरपालिका-६ स्थित बिसौनीमोडमा प्र-३-०१-००३ क ६१७० नम्बरको तरकारी बोकेको ट्रक दुर्घटनामा परेको जिल्ला प्रहरी कार्यालय गोरखाका प्रहरी नायब उपरीक्षक लिलाराज लामिछानेले जानकारी दिनुभयो।

दुर्घटनामा परी गोरखाको आरुघाट गाउँपालिका घर भएका ट्रकका चालक उमेश श्रेष्ठ र दोलखा जिल्ला सैलुङ गाउँपालिका-७ घर भई राष्ट्रिय वाणिज्य बैंक गजुरी शाखामा कार्यरत वर्ष ३२ का विष्णु खड्काको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका श्रेष्ठको गोरखा अस्पतालमा र खड्काको चितवनस्थित भरतपुर मेडिकल कलेजमा उपचारका क्रममा मृत्यु भएको उपरीक्षक लामिछानेले बताउनुभयो।

दिउँसो गोरखा बसपार्कबाट आबुखैरेनीतर्फ आउँदै गरेका ट्रक अनियन्त्रित भएर विपरीत दिशाबाट आउँदै गरेको बा ८६ प १७८५ नम्बरको मोटरसाइकल र बाटोमा रहेको पैदलयात्री लछारेर सडकदेखि झण्डै २० मिटर तल खसेको थियो । दुर्घटनामा परेर घाइते हुनेमा सहिद गाउँपालिका-७ घर भएका ३० वर्षकी रमला राना मगर, ५९ वर्षका लालबहादुर गुरुङ र ६८ वर्षका नारायण भुजेल रहेका छन्।

अन्य घाइतेमा गोरखा नगरपालिका १० की ४९ वर्षकी सावित्री विक, बर्दिया घर भएका २८ वर्षका मङ्गल चौधरी र ठेगाना र उमेर खुल्न बाँकी रहेका बुद्धीबहादुर नेपाली रहेका छन् । गम्भीर घाइते दुई जनाको भरतपुर मेडिकल कलेजमा उपचार भइरहेको छ भने अन्य घाइतेको गोरखा अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

# पचासी प्रतिशत योजना सम्झौता

पोखरापत्र संवाददाता
स्याङ्जा, २९ फागुन

पूर्वाधार विकास कार्यालय स्याङ्जाले झण्डै ८५ प्रतिशत योजना सम्झौता गरी निर्माण कार्य थालनी गरेको छ। आर्थिक वर्ष २०७९/०८० का २ सय ६८ योजना मध्ये २ सय २५ योजना सम्झौता गरी निर्माण थालनी गरेको हो।

चालु आर्थिक वर्षका लागि संघीय र प्रदेश सरकारबाट २ सय ६८ योजना निर्माण गर्न १ अर्ब ३१ करोड ८४ लाख ३८ हजार विनियोजन भएको थियो । ५५ योजना सम्पन्न गरेर विनियोजित रकमबाट कार्यालयले ४२ करोड ७६ लाख ७९ हजार ९ सय १७ रुपैयाँ भुक्तानी गरी सकेको छ।

"योजना निर्माण गर्न विनियोजित कुल बजेट मध्ये हालसम्म ३२ प्रतिशत पुँजिगत खर्च गर्न सफल भएका छौं।" कार्यालयका निमित्त प्रमुख सन्तोष अर्यालले भने, "कुल योजना मध्ये सम्झौता हुन ४३ योजनालाई तत्काल सम्झौता गरी निर्माण कार्य थालनी गर्न लागेका छौं।" करिब १ महिनाको



अबधिमा बाँकी १ सय ५० योजना निर्माण सम्पन्न गरी पुँजिगत खर्चलाई ६० प्रतिशत पुऱ्याउने कार्यालयले लक्ष्य लिएको छ। योजना सम्झौतामा ढिलाई, महंगी लगाएतका कारणले समयमै पुँजिगत खर्च गर्न नसकेपनि वार्षिक लक्ष्य अनुसार योजनाका काम शुरु भएको कार्यालयले जनाएको छ । सम्झौता भएका योजनाहरुको निर्माण कार्य तिव्र रुपमा अगाडी बढेको छ। पूर्वाधार तर्फ सडक, पुल, भवन तथा अन्य योजनाहरुलाई वार्षिक लक्ष्य अनुसार निर्माण कार्यलाई तिव्रता दिईएको निमित्त प्रमुख अर्यालले बताए। कार्यालयको वार्षिक लक्ष्य अनुसार पुँजिगत खर्च गरिने अर्यालले दाबी गरे।

आर्थिक वर्ष २०७९/०८० का लागि २ करोड ११ लाख ६२ हजार विनियोजित चालु खर्च मध्ये कार्यालयले ७८ लाख ९७ हजार ७ सय ७४ रुपैयाँ खर्च गरेको छ। विनियोजित बजेटमा चालु खर्च तर्फ ३७ प्रतिशत रकम खर्च भएको कार्याएलयले जनाएको छ। संघीय, प्रदेश र स्थानीय सरकारले पुँजिगत खर्च गर्न नसकिरहेको अवस्थामा पूर्वाधार कार्यालयको तयारी राम्रो रहेको कोष तथा लेखा नियन्त्रण कार्यालयले जनाएको छ । हालसम्म ३२ प्रतिशत र करिब १ महिनाभित्र झण्डै ६० प्रतिशत पुऱ्याउने लक्ष्यलाई राम्रो भन्न सकिने कोलेनिकाले जनाएको छ।

# पौडेलले राष्ट्रपतिको कार्यभार सम्हाल्नुभएपछि गृह जिल्लावासी हर्षित

पोखरापत्र संवाददाता
तनहुँ, २९ फागुन

नवनिर्वाचित राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार कार्यभार सम्हाल्नुभएपछि उहाँको गृह जिल्लाका बासिन्दा हर्षित भएका छन् । विकास प्रेमी नेता देशको उच्च ओहोदामा पुग्नुभएकाले विकास निर्माण कार्यले काँचुली फेर्ने विश्वाससहित जिल्लावासीले खुसी गरेका हुन्।

नवनिर्वाचित राष्ट्रपति पौडेलको जन्मघर व्यास नगरपालिका-८ रिस्तीमा पर्दछ । रिस्तीमा हुर्किएका व्यक्ति राष्ट्रपतिको जिम्मेवारी सम्हालेपछि सबै गाउँवासीमा खुसी छाएको व्यास नगरपालिका-८ रिस्तीका स्थानीयवासी राजु गुरुङले बताउनुभयो । एक निष्ठावान् व्यक्ति धेरै लामो राजनीतिक यात्रामा नेपालको लोकतान्त्रिक अभियान, संविधानको संरक्षण र संविधानवादका आधारभूत मूल्य मान्यताको लागि निरन्तर लडिरहने व्यक्ति भएको व्यास नगरपालिका तनहुँका प्रमुख बैकुण्ठ न्यौपानेले बताउनुभयो। निष्ठाको राजनीतिले एउटा महत्वपूर्ण भूमिका निर्वाह गर्ने अवसर मिलेको उहाँले बताउनुभयो । लोकतान्त्रिक अभियान र संविधानको संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाहमा उहाँको योगदान अतुलनीय रहेको उहाँले बताउनुभयो।

राष्ट्रपति पौडेलको जन्म घर हाल भग्नावशेष अवस्थामा रहेकाले त्यसको पुनःनिर्माण गरी संरक्षण गर्नुपर्नेमा स्थानीय बासिन्दाले जोड दिएका छन् । व्यास नगरपालिका-२ अमरापुरीमा पनि उहाँको घर छ।


## चट्याङबाट बचौ र बचाऔं ।

चट्याङबाट बच्न,
घरबाहिर हुनुहुन्छ भने,
◆अग्लो र एक्लो रुखमुनि नबस्ने,
◆पौडिने, माछा मार्ने तथा ऱ्याफ्टिङजस्ता क्रियाकलाप नगर्ने,
◆खुल्ला मैदानमा नबस्ने,
◆धातुबाट बनेका तारबार नजिक नबस्ने,
घरभित्र हुनुहुन्छ भने,
◆विद्युतीय सामग्रीहरू जस्तै टीभी, कम्प्यूटर, फ्रिज, वासिङ मेसिन नजिक नबस्ने र प्रयोग नगर्ने,
◆तारसहितको टेलिफोन (ल्याण्डलाईन) प्रयोग नगर्ने,
◆घरबाट बाहिर ननिस्किने,
◆धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति चैत २ गते बिहीबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला :मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन ०६१-५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।



## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो । - हजरत अली

## सम्पादकीय

# मलमा दिएको अनुदान नघटाउ

समयमै कृषकलाई रासायनिक मल दिन नसकेको सरकारले अनुदान समेत घटाएको छ । सरकारले रासायनिक मलको खरिदमा कृषकलाई दिँदै आएको अनुदान घटाएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयकाअनुसार मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिको सोमबारको बैठकले अनुदान घटाउने निर्णय गरेको छ । "रासायनिक मलमा यसअघि समग्रमा ७० दशमलव ८२ प्रतिशत बराबर अनुदान दिइरहेकोमा अब ५९ दशमलव ०४ प्रतिशत कायम गरिएको छ। यो दरलाई क्रमशः ५० प्रतिशतमा झारिनेछ।" कृषि मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

सरकारले मलको अनुदान घटाएसँगै कृषकले यसअघि खरिद गर्दै आएको मूल्य पनि बढ्ने भएको छ । अनुदान कटौतीपछि आयात बिन्दुमा युरिया प्रतिकिलो रू २५, डिएपी प्रतिकिलो रू ५० र पोटास प्रतिकिलो रू ४० मा बिक्री वितरण हुनेछ। यसअघि आयात बिन्दुमा युरिया प्रतिकिलो रू १४, डिएपी प्रतिकिलो रू ४३ र पोटास प्रतिकिलो रू ३१ मा बिक्री वितरण भइरहेको थियो । साबिकभन्दा अब युरिया प्रतिकिलो रू ११, डिएपी प्रतिकिलो रू सात र पोटास प्रतिकिलो रू नौ महँगो पर्ने भएको छ । सरकारले यसअघि युरियामा ८० प्रतिशत, डिएपीमा ६० प्रतिशत र पोटासमा ५९ प्रतिशत अनुदान दिइरहेको थियो। तर अब युरियामा ६४ दशमलव ४९, डीएपीमा ५२ दशमलव ३८ र पोटासमा ४६ दशमलव ०९ प्रतिशत मात्रै अनुदान दिइनेछ ।

अर्थ मन्त्रालयले रासायनिक मलको अनुदान घटाउन भनेपछि यस्तो निर्णय गरिएको पनि कृषि मन्त्रालयले जनाएको छ । "रासायनिक मलको बढ्दो माग, बढ्दो अन्तर ष्ट्रिय मूल्य र तद्अनुरुप रासायनिक मलमा बढ्दो अनुदान रकमलाई ध्यानमा राख्दै अर्थ मन्त्रालयको पत्रअनुसार स्रोत सुनिश्चितता गर्दाको शर्तको रुपमा रासायनिक मलमा दिँदै आएको अनुदानलाई लागतको ५० प्रतिशतमा सीमित राख्ने राय आएको छ", कृषि मन्त्रालयको विज्ञप्तिमा भनिएको छ । मन्त्रालयका अनुसार नेपालका लागि वार्षिक पाँच लाख २० हजार मेट्रिक टन रासायनिक मल आवस्यक पर्छ। मलमा कृषकलाई अनुदान उपलब्ध गराउन चालु आर्थिक वर्ष २०७९/८० को बजेटमा रू १५ अर्ब ६ लाख छुट्याइएको थियो । गत साउन २७ गते अर्थ मन्त्रालयबाट रू १६ अर्ब स्रोत सुनिश्चितता दिइएको थियो भने यही फागुन ८ गते रू सात अर्ब ५० करोडको स्रोत सहमति दिइएको थियो । यसरी चालु आर्थिक वर्षका लागि रासायनिक मल शीर्षकमा कुल रू ३८ अर्ब ५० करोड ६ लाख बजेट कायम भएको छ ।

हालसम्म कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट् टेडिङ कर्पोरेसनबाट कूल तीन लाख ३१ हजार पाँच सय मेट्रिक टन रासायनिक मल खरिद भइसकेको मन्त्रालयले जनाएको छ। यसरी खरिद भएको मलमध्ये करिब दुई लाख ३७ हजार पाँच सय मेट्रिक टन मल आयात भइसकेको छ भने ९४ हजार मेट्रिक टन आयातका क्रममा रहेको छ। यसवर्ष धानबालीका लागि यसवर्ष ९० हजार मेट्रिक टन मल अपुग हुने पनि मन्त्रालयले जनाएको छ।कृषकलाई दिदै आएको अनुदान घटाउँदैजानु दुर्भाग्य हो।भारतबाट आउने कृषि उत्पादनले बजार ओगट्ने वातावरण सरकारले बनाउन खोजेको छ।कृषिमा आत्मनिर्भर हुन मल विऊमा अनुदान दिनुपर्नेमा घटाउनु आफ्नै खुट्टामा बञ्चरो हान्नु सरह हो।सरकारको मलमा अनुदान घटाउने निर्णय फिर्ता लिनुपर्छ।मलमा अनुदान दिन र समयमै मल उपलब्ध गराउन सरकारलाई दबाब दिनु पर्दछ।जनतासंग गरिएको वाचा नभुल्न संसदले निर्देशन दिनुपर्ने बेला आएको छ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : मन चञ्चल | मकर | : मानसिक तनाव |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# बागलुङमा परम्परागत 'चैते दसैँ मेला'

**पोखरापत्र संवाददाता**
पर्वत, २९ फागुन

चैते दसैँको अवसरमा बागलुङको प्रसिद्ध कालिका मन्दिर परिसरमा परम्पराकालदेखि ठूलो मेला लाग्ने गर्दछ । नेपालकै महत्वपूर्ण मेलामध्येको एक चैत्राष्टमी मेला यसवर्ष आगामी चैत १३ गतेदेखि सुरु हुँदैछ ।

बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समितिका अनुसार हरेक वर्ष चैते दसैँको अवसरमा प्रसिद्ध धार्मिक पर्यटकीय गन्तव्य बागलुङ कालिका भगवती मन्दिरको परिसरमा सञ्चालन हुने उक्त मेला आगामी चैत १३ देखि १७ गतेसम्म सञ्चालन हुनेछ । मेलामा खेलकुद तथा सांस्कृतिक कार्यक्रम आयोजना गरिने समितिका अध्यक्ष कुमार खड्काले जानकारी दिनुभयो ।

"यसवर्ष पनि मेलामा भलिबल, राष्ट्रिय लोकदोहोरी, लोक भजन प्रतियोगिता र छेलो फाल्ने प्रतियोगिता आयोजना गरिएको छ", उहाँले भन्नुभयो । परम्परा धान्दै कलासंस्कृतिको प्रवर्द्धन गर्ने मेलाको उद्देश्य छ । मेलालाई पछिल्लो समय गुठी व्यवस्थापन समितिले व्यवस्थित गरी सञ्चालन गर्दै आएको छ । पर्यटन प्रवर्द्धन, संस्कृतिको संरक्षण, स्थानीय उत्पादनको प्रचारप्रसार तथा परम्पराको निरन्तरता दिन मेला आयोजना गरिँदै आएको अध्यक्ष खड्का बताउनुहुन्छ ।

यो मेलाको आफ्नै महत्व र इतिहास छ । तत्कालिन पर्वतका राजा प्रतापीनारायण मल्लले पाल्पाकी राजकुमारी विवाह गरेर ल्याउँदा दाइजो दिएको कालिकामूर्ति घना जङ्गलको बीचमा बिसाएर उठाउन खोज्दा नसकेपछि सोही ठाउँमा स्थापित गरी पूजा गर्ने चलन बसेको मन्दिरको अभिलेखमा उल्लेख छ । चैते दसैँ मेलामा घरायसी प्रायोजनका सामग्री डाला, नाङ्ला, ठेकीलगायत बस्तुको किनमेल हुने गरेको छ । चैते दसैँमा बागलुङ कालिका मन्दिरमा देशभरीबाट तथा भारतबाटसमेत भक्तजन आउने गरेका छन् ।

# तनहुँमा सोलार लिफ्ट सिँचाइ योजना

**पोखरापत्र संवाददाता**
तनहुँ, २९ फागुन

जिल्लाको शुक्लागण्डकी र भीमाद नगरपालिकामासोलार लिफ्ट सिँचाई योजना सम्पन्न भएको छ । शुक्लागण्डकी-१० को लोकेटिटार र भीमाद-७ को सिस्नेरी ठूलो फाँटमा सोलारका माध्यमबाट पानी लिफ्ट गरी सिँचाइको व्यवस्था गरिएको हो । योजना निर्माणसम्पन्न गरी सञ्चालनका लागि उपभोक्तालाई हस्तान्तरण गरिएको जलस्रोत सिँचाइ विकास डिभिजन कार्यालयका डिभिजन प्रमुख रमेशराज शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार गण्डकी प्रदेश सरकारकोसहयोगमा लोकेटितारमा रू एक करोड २९ लाख र सिस्नेरीमा रू ७९ लाखको लागतमा योजना निर्माण सम्पन्न भएको हो ।

लोकेटितारमा २३ र सिस्नेरीमा २७ धारा निर्माण गरी सिँचाइको व्यवस्था मिलाइएको निर्माण कम्पनी अकलादेवी कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रालिका प्रतिनिधि सुजन सुवेदीले बताउनुभयो । उहाँका अनुसार उक्त दुई स्थानमा गरी करिब आठ सय रोपनी क्षेत्रफलमा सिँचाइ गरिने छ । सिँचाइ योजनाबाट शुक्लागण्डकीमा तीन सय र भीमादका दुई सय बासिन्दा लाभान्वित हुने छन् । यहाँका बासिन्दालाई उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले सिँचाइ योजनाका लागि प्रदेश सरकारले बजेट विनियोजन गरेको हो ।

योजनाको निर्माण सम्पन्न भएरउपभोक्तालाई हस्तान्तरण गरिए पनि कार्यालयबाट जाँच गरी बाँकी रकम भुक्तानी गरिने जलस्रोत सिँचाइ विकास डिभिजन कार्यालयका प्रमुख शर्माले बताउनुभयो । उहाँका अनुसार सतहमा पानी भएका स्थानमा कुलो, नहरबाट र सतहमा पानी नभएका स्थानमा सोलार लिफ्टमार्फत सिँचाइको व्यवस्था मिलाइएको छ ।

स्थानीय क्याइदी खोलामा सम्पवेल निर्माण गरी ७० मिटर उचाइमा लिफ्टमार्फत दुई वटा ट्याङ्कीमा पानी सङ्कलन गरी लोकेटिटारमा सिँचाइको योजना सम्पन्न गरिएको छ । उक्त क्षेत्रमा करिब चार किमी पाइप विच्छ्याएर प्लट-प्लटमा पानीको धारा जडान गरी सुचारु गरिएको जलस्रोत सिँचाइ विकास डिभिजन कार्यालयले जनाएको छ ।

# स्ववियु निर्वाचनको प्रचारप्रसार सुरु

**रासस**
काठमाडौं, २९ फागुन

त्रिभुवन विश्वविद्यालय (त्रिवि)मा हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनका लागि सोमबार उम्मेदवारीको अन्तिम नामावली प्रकाशन गरिएको छ ।

यही फागुन २७ गते उम्मेदवार मनोनयन गराएका उम्मेदवारको छानविन र उम्मेदवारी फिर्ता गरेपछि अन्तिम नामावली प्रकाशन गरिएको हो । आज फागुन २९ गते दिउँसो १ बजेसम्म उम्मेदवारले नाम फिर्ता र दिउँसो २ बजे उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने कार्यतालिका रहेको थियो ।

सोमबार अन्तिम नामावली प्रकाशन भएसँगै अब उम्मेदवार प्रचारप्रसार गर्न पाउनेछन् । त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीका अनुसार उम्मेदवारले आजदेखि चैत २ गते राती १२ बजेसम्म प्रचारप्रसार गर्न पाउनेछन् । स्ववियु निर्वाचनमा आचारसंहितामा प्रचारप्रसार गर्नका लागि रङरोगन र कुनै पनि प्रकारको पोस्टर टाँस्न नपाइने उल्लेख छ । यस्तै आचारसंहितामा निर्वाचनसम्बन्धी कुनै पनि तुल, फ्लेक्स र कुनै प्रकारको पोस्टर टाँस्न नपाइने उल्लेख गरिएको छ । स्ववियु निर्वाचन केही क्याम्पसमा भर्ना विवादका कारणले रोकिएका छन् । उहाँले सम्बन्धित क्याम्पस प्रमुखलाई भर्ना विवाद समस्या समाधान गरेर निर्वाचन प्रक्रिया सुरु गर्न निर्देशन दिएको जानकारी दिनुभयो । अध्यक्ष, सचिव र कोषाध्यक्ष तथा ५० प्रतिशत सदस्य प्रत्यक्ष निर्वाचन प्रणाली र उपाध्यक्ष, सहसचिव र ५० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुनेछन् । स्ववियु निर्वाचनका लागि मतदान चैत ५ गते बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म तोकिएको छ ।

# मानव सेवा आश्रममा लोक दोहोरी दिवस

**रञ्जिता आचार्य /समिक्षा गौतम**
पोखरा, २९ फागुन

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान कास्कीले लोक दोहोरी दिवस मनाएको छ । फलफुलतथा खाद्यान्न वितरण गरि सोमबार २२ औं स्थापना दिवस मनाएको हो ।

कार्यक्रम का प्रमुख अतिथि समाजसेवी मदन थापाले कलाकारहरु देशका महत्वपूर्ण सम्पति भएको बताउदै राज्यले ध्यानदिन नसक्नु दुखलाग्दो भएको बताउनु भयो । त्यस्तै सस्थापक अध्यक्ष तारापती सुवेदी, पार्बती जि सि,ले मानव सेवा आश्रमा लोकदोहोरी दिवस मनाउन पाउदा खुशी लागेको बताउनु भयो । कार्यक्रममा सर्जक समाजसेवी यसु



थापा सल्लाहकार हरु क्रमशः दिपक तिमिल्सिना र लक्ष्मी सुवेदी ,मानव सेवा आश्रका कोषाध्यक्ष दुर्गा तिम्सिना हेन्जा इकाइ कमिटी का अध्यक्ष जयराम तिमिल्सिना लगायतको उपस्थिति रहेको थियो । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान कास्कीका अध्यक्ष तुलसी क्षेत्रीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रथम उपाध्यक्ष परशुराम अधिकारीले स्वागत र सचिव नारायण बहादुर सुनारले कार्यक्रम सचालन गर्नु भएको थियो ।

# पर्वत र म्याग्दी जोड्न कालीगण्डकीमा बेलिब्रिज

**पोखरापत्र संवाददाता**
पर्वत, २९ फागुन

पर्वतको जलजला गाउँपालिकालाई म्याग्दी सदरमुकाम बेनीबजारसँग जोड्न कालीगण्डकी नदीमा बेलिब्रिज निर्माण थालिएको छ । जलजला-२ र ३ मा पर्ने बगरफाँटलाई बेनीबजारसँग जोड्न उक्त पुल निर्माण गर्न लागिएको हो ।

कालीगण्डकीले कटान गर्न थालेपछि बगरफाँट बस्ती दुई वर्षदेखि सडक सुविधाबाट वञ्चित छ । पक्की पुल नहुँदा बगरफाँटवासीको दिनचर्या कष्टकर बनेको छ । उनीहरूको दैनिकी सहज पार्न पुल निर्माण गर्न थालिएको जलजलाका अध्यक्ष राजुप्रसाद आचार्यले बताउनुभयो । पुल निर्माण भएपछि स्थानीयवासीलाई हिँडडुल र कृषिउपज बेनीबजारमा पुऱ्याउन सहज हुने छ ।

यहाँ बेलिब्रिज निर्माणका लागि बेनी-जोमसोम-कोरला सडक आयोजनाले हिमालयन विल्डर्स बेनीसँग पाँच महिनाभित्र योजना सम्पन्न गर्ने गरी रु एक करोड ६० लाखको ठेक्का सम्झौता गरेको बेनी-जोमसोम सडक आयोजनाका प्रमुख जगत प्रजापतिले बताउनुभयो । निर्माण कम्पनीले कालीगण्डकी किनारमा पुलको जग खन्ने काम थालेको छ। झण्डै ५४ मिटर लामो बेलिब्रिज राख्न पर्खालसहित जाली भरेर दुवैतर्फ आवश्यक संरचना निर्माण गरिने छ । तीन महिनामै काम सम्पन्न गर्ने लक्ष्य छ । पुल निर्माणको माग गर्दै विभिन्न समयमा बगरफाँटबासी आन्दोलन गर्दै आएका थिए । यहाँ पक्की मोटरेबल पुल निर्माणका लागि समेत सम्भाव्यता अध्ययन गरिएको छ । करिब तीन सय परिवारको बसोबास रहेको बगरफाँटमा दैनिक उपभोग्य वस्तु भरियालाई बोकाएर लैजाने गरिएको छ । यसरी लैजाँदा सामानको मूल्य महँगो पर्छ ।

बगरफाँटका बासिन्दाले म्याग्दी आवतजावत गर्दैआएको कालीपुल जोड्ने झोलुङ्गे पुलको लठ्ठा पनि खिया लागेको अवस्थामा छ । पुल बन्ने खबरले जलजलावासी उत्साहित छन् । बेलिब्रिज निर्माणपछि बगरफाँट हुँदै जलजला-१ बाँसखर्क, वडा नं ५ लेखफाँट, वडा नं ६ शालिजा र वडा नं २ को माझफाँटमा सिधा यातायात सेवा सञ्चालन हुने भएको छ ।

# राष्ट्रिय युवा सम्मेलन : दिगो विकाससम्बन्धी दश बुँदे घोषणापत्र जारी

**रासस**
काठमाडौं, २९ फागुन

दिगो विकासमा युवाको अर्थपूर्ण सहभागितामा जोड दिँदै पाँचौँ राष्ट्रिय युवा सम्मेलन सम्पन्न भएको छ ।

काठमाडौँमा आइतबारदेखि सुरु भएको युवा सम्मेलन दिगो विकाससम्बन्धी १० बुँदे काठमाडौँ घोषणापत्र सार्वजनिक गरी सम्पन्न भएको हो । देशभरका एक सय ५० जनाभन्दा बढी युवा सहभागी रहेको सम्मेलनले राष्ट्रिय युवा नीति, २०७२ तथा युथ भिजन, २०२५ लाई समयसापेक्ष संशोधन गर्नुपर्ने आवश्यकता औँल्याएको छ । युवाको आवश्यकता एवं चाहनाबमोजिम उनीहरूको सहभागिता सुनिश्चित गर्नुपर्ने माग घोषणापत्रमा गरिएको छ ।

युवा अधिकारका पक्षमा पैरवी गर्दै आएको संस्था युथ एड्भोकेसी नेपालले आयोजना गरेको 'नेपाल युथ एसडिजी समिट' ले दिगो विकासका विभिन्न आयाममा छलफलको आयोजना गरी सरोकारवाला निकायलाई जवाफदेही बनाउनुपर्ने निष्कर्ष निकालेको कार्यक्रम अधिकृत विकास केसीले जानकारी दिनुभयो ।

घोषणापत्रमा समयमै दिगो विकास लक्ष्यप्राप्तिका लागि पर्याप्त बजेटको विनियोजन गर्दै यसको स्थानीयकरणप्रक्रियामा युवाको नेतृत्व सुनिश्चित गर्नुपर्नेमा जोड दिइएको छ । त्यस्तै राज्यको प्रत्येक अङ्गमा युवाको समानुपातिक र अर्थपूर्ण प्रतिनिधित्वको सुनिश्चित गर्दै गुणस्तरीय शिक्षा, सीप विकास, सुलभ स्वास्थ्य सेवा, मर्यादित रोजगार तथा उद्यमशीलतामा युवाको सहज पहुँच सुनिश्चित गरिनुपर्ने घोषणापत्रमा उल्लेख छ । सङ्घीय संरचनाअनुसार युवाको अगुवाइमा राष्ट्रिय युवा परिषद् को ऐन संशोधन गरेर प्रदेश तह तथा सबै स्थानीय तहसम्म युवा परिषद्को संयन्त्र स्थापित हुनुपर्ने युवाको माग छ । युवा सम्मेलनले अनौपचारिक कार्य क्षेत्र तथा रोजगारको क्षेत्र पहिचान गर्दै उक्त क्षेत्रमा आबद्ध मजदुरको सामाजिक सुरक्षा तथा संरक्षण सुनिश्चितता हुनुपर्ने, नागरिकबाट सिर्जना भएका तथ्याङ्कलाई मान्यता प्रदान गर्दै यसका माध्यमबाट दिगो विकास कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनको प्रबन्ध गरि नुपर्ने र जलवायु परिवर्तन तथा वातावरण विनाशका कारणले अल्पसङ्ख्यक तथा सीमान्तकृत नागरिकमा पारेको नकारात्मक प्रभावलाई सम्बोधन गर्नका लागि तीनवटै तहमा बजेट तथा नीति तर्जुमा गर्दा यस विषयलाई प्राथमिकतामा राख्न सरकारको ध्यानाकर्षण गराएको छ ।

अल्पसङ्ख्यक तथा सीमान्तकृत युवाको हक तथा अधिकार सुनिश्चित गर्न विशेष नीति, कार्यक्रम तथा योजनाको तर्जुमा गर्नुपर्ने, मुलुकको कूल बजेटको २० प्रतिशत बजेट सार्वजनिक शिक्षामा लगानी गर्नुपर्ने घोषणापत्रमा उल्लेख छ ।

संविधानप्रदत्त मौलिक हक कार्यान्वयनमा पनि भेलाले जोड दिएको युथ एड्भोकेसी नेपालका अध्यक्ष गणेश धामीले बताउनुभयो । सम्मेलनमा राष्ट्रिय योजना आयोग, युवा परिषद्, नागरिक समाजलगायत विभिन्न क्षेत्रका प्रतिनिधिको सहभागिता रहेको अध्यक्ष धामीको भनाइ छ ।

# एमाले संसदीय दलको उपनेतामा नेम्वाङ

**रासस**
काठमाडौं, २९ फागुन

नेकपा (एमाले)को संसदीय दलको उपनेतामा सुवासचन्द्र नेम्वाङलाई जिम्मेवारी दिइएको छ । पार्टी अध्यक्ष एवम् संसदीय दलका नेता केपी शर्मा ओलीले उहाँलाई आज संसदीय दलको उपनेतामा मनोनयन गर्नुभएको हो । इलाम-२ बाट विजयी नेम्वाङ एमालेका उपाध्यक्षसमेत हुनुहुन्छ। २०५१ सालमा न्याय, कानुन तथा संसदीय व्यवस्थामन्त्री हुनुभएका नेम्वाङ २०६३ मा पुनःस्थापित प्रतिनिधिसभाको सभामुख तथा पहिलो र दोस्रो संविधानसभाको अध्यक्ष हुनुहुन्थ्यो । अध्यक्ष ओलीले प्रतिनिधिसभाको प्रमुख सचेतकमा पदम गिरी र सचेतकमा महेश बर्तौलालाई नियुक्त गर्नुभएको थियो ।

# महिलालाई उत्पादनसँग जोड्नसके लैङ्गिक हिंसा कम हुने : उपसभामुख थापा

**प्रतिक्षा पौडेल/रञ्जिता आचार्य**
पोखरा, २९ फागुन

गण्डकी प्रदेशका उपसभामुख विना कुमारी थापाले महिलाहरुलाई उत्पादनसँग जोड्न सके लैङ्गिक हिसांका घटनामा कमी आउने बताईन ।

सोमबार पोखरामा लैङ्गिक हिंसा विरुद्ध पुरुषहरुको ऐक्यबद्धता महिलापुरुष सचेतता कार्यक्रममा बोल्दै उपसभामुख थापाले आर्थिक रुपमा कमजोर हँदा महिलाहरु बढि हिंसामा पर्ने गरेको उनको भनाई छ । उनले भनिन् "हामी आर्थिक कारणले पनि महिला हिसांका घटना बढी हुने गरेको पाएका छौं । तसर्थ पनि महिलाहरुलाई उत्पादनसँग जोड्न जरुरी छ ।" महिला हिसां न्युनिकरण गर्न पुरुषहरुको दायित्व भएको बताउँदै उनले महिलाहरुलाई आत्मनिर्भर बनाउने कुरामा पुरुषहरुको ठूलो भूमिका रहने बताईन ।

उपसभामुख थापाले लिङ्गको आधारमा गरिने हिसालाई न्युनिकरण गर्न आफुले कानून बनाउन पहल गर्ने बताइन । "गण्डकी प्रदेश सभाले यो भन्दा अघिपनि केही यस्ता ऐन, नीतिहरुको बीचमा छलफल गरेर काम गरिरहेको



छ ।" उनले भनिन्, 'हामी नीति नियम बनाउने ठलोमा भएका कारण यस्लाई कसरी समावेशी र समानुपातिक खालका नीति नियमहरु बनाउन सकिन्छ भनेर अध्यन र छलफल गरी रहेका छौं ।' पोखरा २५ का वडा अध्यक्ष मोतीलाल तिम्सिनाले लैङ्गिक हिसा न्युनिकरण गर्न समाजमा जनचेतना फैलाउनु पर्ने बताए । महिलाहरु कमजोर हुँदा बढी हिसां हुने गरेको बताउँदै सामाजिक , आर्थिक रुपमा शशक्त हुन जरुरी रहेको उनको भनाई छ । "कानूनी राज्यमा छ । कोही कसैसँग डराउनु पर्ने अवस्था छैन ।" उनले भने, "महिलाहरु दविएर बस्न भएन । शशक्त भएर अगाडि बढ्नु पर्यो । आफै सक्षम हुन पर्यो ।'

वडा सचिव सुवोध खनालले ३० प्रतिशात महिला हिसांमा परेको बताउदै त्यसलाई अन्त्य गर्न न सकिने अवस्था रहेको तर न्युनिकरण गर्न सबै एकजुट हुनुपर्ने मा जोडदिए । उनले पछिल्लो समय जेष्ठ नागरिक हिसांको सिकार हुँदै गएको बताए । उनले भने "हिजो आज बढी जेष्ठ नागरिक हिसांमा परेका छन् । उनीहरुलाई पाल्ने कुरालाई लिएर हिसां बढेको छ ।" कार्यक्रममा महिला संजाल हेम्जाकी अध्यक्ष रामा त्रिपाठी, वडा सदस्य धन कुमारी पोखरेल तिम्सीना लगायतले लैङ्गिक हिसां कमी गर्न पुरुषहरु नै सचेत हुनु पर्नेमा जोड दिए । पछिल्लो समय सामाजिक सन्जालको माध्यमबाट पनि हिसां हुने गरेको बताउदै सन्जाल प्रयोग कर्ताहरुलाई सचेत हुन आग्रह गरे । पोखरा महानगरपालिका सामाजिक विकास महाशाखाको समन्वयमा पोखरा २५ वडा कार्यालय हेम्जाले आयोजना गरेको तालिमको शहजीकरण अधिवक्ता एवं नेपाल पत्रकार महासघंका केन्द्रीय सदस्य सरिता तिम्सीना पंगेनीले गरेकी थिइन ।

# सहकर्मी पाखे भन्नुहुन्छ : पौडेलले अहिलेसम्मको निष्कलक्त छवि जोगाउनुपर्छ

-वासुदेव पौडेल
गण्डकी, २९ फागुन

नवनिर्वाचित राष्ट्रपति रामचन्द्र पौडेलले पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभएको छ । गत बिहीबार सम्पन्न राष्ट्रपतिको निर्वाचनबाट मुलुकको तेस्रो राष्ट्रपतिका रूपमा निर्वाचित पौडेलले आज शीतल निवासमा आयोजित विशेष समारोहमा पद तथा गोपनीयताको शपथ लिनुभएको हो ।

नेपाली राजनीतिमा लामो समय सादगी र निष्कलङ्क नेताका रूपमा आफ्नो पहिचान बनाउनुभएका पौडेल मुलुकको सर्वोच्च पदमा पुग्दा उहाँका सहकर्मी तथा शुभेच्छुकहरू हर्षित त छन् नै, राष्ट्रपतिका रूपमा रहँदा उहाँको मौलिक सादगी जीवन र निष्कलङ्क छवि जोगाउने विषय आगामी दिनमा प्रमुख चुनौती रहेको भन्दै उनीहरुले चासो र चिन्ता लिएका छन् । विभिन्न दलको समर्थनमा राष्ट्रपति पदमा निर्वाचित हुनुभएका पौडेलले कुनै पनि दबाब र प्रभावमा नपरी पदको गरिमा र महत्वलाई अझै बढाउने गरी अभिभावकीय भूमिका निर्वाह गर्नुपर्नेमा उहाँका साथीहरुले जोड दिएका छन् ।

पोखराका शिक्षासेवी तारा पाखे उहाँका शुभेच्छुकसँगै गण्डकी छात्र समितिका सहकर्मी हुनुहुन्छ । राष्ट्रपति पौडेलभन्दा एक वर्ष पाका पाखे विसं २०२३ मा काठमाडौँमा रामचन्द्र पौडेलको अध्यक्षतामा गठित गण्डकी छात्र समितिको सांस्कृतिक सचिव बन्नुभएको थियो । विद्यार्थीकालमा सहकार्य गर्नुभएका पौडेल मुलुकको सर्वोच्च पदमा पुग्दा आफू निकै



हर्षित भएको बताउनुभयो । "सँगै एउटै समितिमा रहेर काम गरेको मेरो एकजना सहकर्मी देशको सर्वोच्च पदमा पुग्नु मेरा लागि खुसीको विषय हो", उहाँले भन्नुभयो, "मैले सङ्गत गर्ददेखि नै शालीन, सादगी एवम् निष्कलङ्क छवि बनाउनुभएका पौडेलले आगामी दिनमा उहाँको यो मौलिकपनलाई कायम गर्न सक्नुपर्छ ।"

**कसरी बन्यो त गण्डकी छात्र समिति ?**

पाखेका अनुसार तत्कालीन समयमा कम्युनिष्ट भनेर चिनिनुहुने डा वासुदेव त्रिपाठीलगायत विद्यार्थीले 'गण्डकी ज्योति मण्डल' संस्था गठन गर्नुभएको थियो । उक्त संस्थाले आयोजना गरेको वादविवाद प्रतियोगितामा भाग लिँदा आफू पुरस्कृत भएको अनुभव सुनाउँदै उहाँले केही समयपश्चात् उक्त संस्थाको विरोधीका रूपमा ' गण्डकी छात्र समिति' स्थापना भएको बताउनुभयो । "गण्डकी ज्योति मण्डलमा दोस्रो पटकको कार्यक्रममा डा शेषकान्त अर्याल र पूर्वमाननीय इन्दु शर्माले प्रतिवाद गर्नुभयो । उहाँहरू कार्यक्रममा पहिलो पटक आउनुभएको थियो । कार्यक्रममा विरोध गर्ने तयारीका साथ उहाँहरु उपस्थित हुनुभएको थियो", पाखेको 'प्रजातन्त्रका बलिवेदी' पुस्तकमा उल्लेख छ ।

पुस्तकमा भनिएको छ, "विद्यार्थी नेता रामचन्द्रजी पनि अब चर्चामा हुनुहुन्थ्यो । साथीहरूसहित गोलबन्द भएर ज्योति मण्डलको विरोधमा राजेश्वर देवकोटालाई समेत हकार्न पुगेको रमाइलो घटना सम्झँदा अहिले पनि आनन्द लाग्दछ । अब रामचन्द्रजीको सक्रियतामा हामीले गण्डकी छात्र समिति गठन गर्ने भयौँ । रामचन्द्रजी त सभापति हुनुहुने भयो । त्यसमा कसैको कतै विरोध थिएन सुनिएन ।"

आफूभन्दा उमेर तथा पढाइमा ज्येष्ठता भएका लक्ष्मी भट्टराईलाई समितिको सचिव बनाइएको उल्लेख गर्दै पाखेले सो समयमा रामचन्द्र पौडेलले ' तिमीलाई सचिवबाहेक अरू रोजेको पदमा राख्छु' भन्नुभएको स्मरण गर्नुभयो । त्यस समयमा आफूलाई संस्कृत कलेजमा पनि सचिव नदिई सहायक सचिव मात्रै दिएको र यहाँ पनि नदिने ? भनेर कराए पनि उहाँले नमान्नुभएको उल्लेख गर्दै पाखेले त्यसो भए सांस्कृतिक सचिव हुन्छु भनेको पुस्तकमा उल्लेख छ ।

विद्यार्थीकालदेखि नै सङ्गत गर्दा पौडेल सरल, शिष्ट स्वभावको पाएको पाखेको अनुभव छ । सरल र शिष्ट स्वभावका पौडेल त्यस समयमा पनि आँटिलो तथा जोसिलो रहेको भन्दै पाखेले सुनाउनुभयो, "एक दिन काठमाडौँमा केशव रेग्मी, म र रामचन्द्रजी एउटै कोठामा थियौँ । गफगाफका क्रममा रामचन्द्रजीले 'ए तारा जी तपाईँ यो कलेजमा मात्रै हो, म त नेपालको प्रतिनिधिमण्डलको नेतृत्व गर्दै संयुक्त राष्ट्रसङ्घमा गएर भाषण गर्ने हो", भन्नुभयो । हामी दुवैजना हाँस्यौँ ।" त्यसबेला गाउँबाट आएको व्यक्तिको यत्रो आँट जस्तो लागे पनि पौडेल निरन्तरको साधनाबाट देशको सर्वोच्च पदमा पुग्न सफल बनेको पाखेको बुझाइ छ ।

राजनीतिमा विभिन्न आरोहअवरोह आए पनि त्यसको प्रवाह नगरी निरन्तर क्रियाशील पौडेल राष्ट्रपति बन्नुभएको भन्दै पाखेले उहाँको धैर्यता र निरन्तरको क्रियाशीलता प्रत्येक राजनीतिकर्मीका लागि प्रेरक भएको बताउनुभयो । आमा ऋषिमाया र बुवा दुर्गाप्रसाद पौडेलबाट विसं २००१ असोज २९ गते तनहुँको साबिक मिर्लुङ बाहुनपोखरामा जन्मनुभएका पौडेल गण्डकी प्रदेशबाटै देशको सर्वोच्च पदमा पुग्ने पहिलो व्यक्ति हुनुहुन्छ ।

विसं २०१६ मा पोखरामा हिमालयन छात्र सङ्घ स्थापना गर्दै राजनीतिक यात्रामा जोडिनुभएका पौडेल देशका विभिन्न आन्दोलनका जगमा स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको तेस्रो राष्ट्रपति बन्नुभएको छ ।


# श्री भद्रकाली माध्यमिक विद्यालय

## कुँडहर, पोखरा-१३

## पुराना जिन्सी सामानहरूको लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना ।

प्रथम प्रकाशन मितिः २०७९/११/२९ गते सोमबार

यस भद्रकाली माध्यमिक विद्यालय कुँडहर, पोखरा-१३ मा मौज्दातमा रहेका प्रयोगमा ल्याउन नसकिने, काठ तथा फलामका डेक्स, बेन्च, काठ तथा फलामका झ्याल ढोका तथा टिनका पाता साथै फलामका टुक्राहरू लगायतका कवाडीका सामानहरू जे जस्तो अवस्थामा छन् सोही अवस्थामा शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम गर्नको लागि मिति २०७९/०५/२७ र २०७९/११/१३ गतेको विद्यालय व्यवस्थापन समितिले निर्णय गरे बमोजिम उक्त सामानहरु खरिद गरी लैजान चाहने ईच्छुक व्यक्ति, एवं मू.अ.कर र पानमा दर्ता भएका कम्पनी र संघ संस्थाले यो सूचना प्रथम पटक प्रकाशित मितिले १५औं दिनभित्र बोलपत्र फारम खरिद गरि १६औ दिनमा मिति २०७९/१२/१४ गते १६औं दिनको ११ बजेभित्र दाखिला गर्न र सोही दिनको २:०० बजे बोलपत्र फारम खोल्ने कार्य गरिने भएकाले यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र फारममा व्यक्ति, स्विकृत फर्म, कम्पनी र संघ संस्थाले सम्झौता भएको ३ दिन भित्र सामान उठाई लैजानु पर्नेछ । सो अवधिभित्र सामान उठाई नलगेमा निजले राखेको धरौटी रकम जफत गरिनेछ । यस सूचना तथा बोलपत्र फारममा नतोकिएका अन्य सर्तहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

तपशिलः

| सि.नं. | सूचना नं. | सामाग्रीको नाम | संख्या | कैफियत |
|---|---|---|---|---|
| ०१ | २०७९/८०/०१ | काठ तथा फलामको डेक्स बेन्च | २४ | सानो र ठूलो |
| ०२ | | काठको झ्याल | ३ | फलामको रड राखेको |
| ०३ | | काठको ढोका | ४ | खापा सहितको |
| ०४ | | फलामको झ्याल | ४ | खापा सहितको |
| ०५ | | फलामको भेन्टिलेसन | २ | |
| ०६ | | टिन, फलाम, काठका प्लास्टिक आदिका टुक्राहरु | | |

पुनश्चः माथि उल्लेखित सामानहरु हेर्न वा थप कुराहरू बुझ्न परेमा विद्यालयको समय भित्र यस विद्यालयमा आई हेर्न र बुझ्न सकिनेछ वा यस विद्यालयको फोन नं. ०६१-५३३७८७ मा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिने छ ।

प्रधानाध्यापक


# खन्ती-जोमसोम सडक कालोपत्र सुरु

**रासस**
मुस्ताङ, २९ फागुन

मुस्ताङको थासाङ गाउँपालिकाको केन्द्र खन्तीदेखि जिल्ला सदरमुकाम जोमसोम जोड्ने सडक कालोपत्र सुरु भएको छ ।

राष्ट्रिय गौरवको कालीगण्डकी कोरिडोर, बेनी-जोमसोम-कोरला सडक आयोजनामार्फत १६ किलोमिटर पाँच सय मिटर दूरीको खन्ती-जोमसोम खण्ड कालोपत्रको काम सुरु भएको हो । आयोजना प्रमुख जगत प्रजापतिले ठेकेदार कम्पनी गौरी-पार्वती जेभीले जेभीले खन्तीदेखि जोमसोमतर्फ आस्कपाल्ट प्रविधिको कालोपत्र गर्न थालेको जानकारी दिनुभयो । "एक किलोमिटरभन्दा बढी सडक कालोपत्र गरिसकेको छ", उहाँले भन्नुभयो, "ठेकेदारसँग हाल चार किलोमिटर कालोपत्र गर्न पुग्ने बिटुमिन मौज्दात छ । थप बिटुमिन र अन्य सामग्री जुटाएर जोमसोमसम्म कालोपत्र गर्ने प्रतिबद्धता जनाएको छ ।" विस्तार, नाली र पर्खाल निर्माण सकेर ग्राभेल भएको ठाउँमा ११ मिटर चौडाइका दरले कालोपत्र हुन लागेको हो । यो सडक कालोपत्र गर्न विसं २०७३ असारमा पप्पु-गौरी-पार्वती-कोसी एण्ड न्यौपाने जेभीले रु ९९ करोड ६२ लाखमा ठेक्का सम्झौता गरेको थियो ।

साझेदार मध्य पप्पु र कोसी एण्ड न्यौपानेका सञ्चालकले काम नगरेपछि एक वर्षदेखि रोकिएको सडक निर्माण गौरी एण्ड पार्वतीले पूर्णता दिन लागेको आयोजनाले जनाएको छ ।

# सुखदुःखका गफ गर्ने चौतारी बन्दै दिवाकालीन आश्रम

**पोखरापत्र संवाददाता**
दमौली, २९ फागुन

तनहुँको व्यास नगरपालिका-५ चापाघाट निवासी ६० वर्षीया चिनीमाया वाग्ले बिहान खाना खाने बित्तिकै दिवाकालीन ज्येष्ठ नागरिक आश्रम पुग्नुहुन्छ ।

बिहान १० बजे नै आश्रममा पुगिसके उहाँ त्यहाँ पुगेर गीत गाउने, सुखदुःखका कुरा गर्ने, नाच्ने काममा लाग्नुहुन्छ । घरमा एक्लै बस्नुभन्दा आश्रममा पुगेर दिन कटाउने उहाँको दैनिकी बनिसकेको छ । "घरमा एक्लै बस्दा दिन काट्न गाह्रो, बरु आश्रममा गएपछि मन भुलाउने ठाउँ पनि भएको छ, दिन कटेको पत्तै हुँदैन", उहाँले भन्नुभयो ।

छोराबुहारी कार्यालयको काममा गएपछि घरमा एक्लै बस्दा न्यास्रो लाग्ने भएकाले वाग्लेजस्तै अन्य ज्येष्ठ नागरिक दिवाकालीन आश्रममा पुग्ने गर्नुहुन्छ । स्थानीय ६५ वर्षीया नारायणी वाग्ले पनि दिवाकालीन आश्रममा नियमित जानुहुन्छ । "दिवाकालीन आश्रम दिन बिताउने ठाउँमात्र होइन, सुखदुःखका गफ गर्ने चौतारी बनेको छ", उहाँले भन्नुभयो ।

स्थानीय ९१ वर्षीय मानसिं दर्लामी पनि नियमित दिवाकालीन आश्रममा आउनुहुन्छ । "घरमा बस्यो अल्छी लाग्छ, न्यास्रो लाग्छ, बरु आश्रममा आउन थालेदेखि आनन्द महसुस हुन थालेको छ", उहाँले भन्नुभयो । उहाँहरूका अतिरिक्त यहाँ दैनिक ५० जना ज्येष्ठ नागरिक आउँछन् ।

बिहान १० बजेदेखि ३ बजेसम्म दिवाकालीन आश्रम सञ्चालन गरिएको छ । दिउँसोका समयमा ज्येष्ठ नागरिकलाई भुलाउने ठाउँ बनाउने उद्देश्यसहित दिवाकालीन आश्रम सञ्चालन गरिएको समूहका अध्यक्ष विष्णु गौतमले जानकारी दिनुभयो । "कोही कोही ज्येष्ठ नागरिक त नातिनातिनीलाई पनि लिएर आउनुहुन्छ, घरमा बस्दा उहाँहरूलाई दिन कटाउन गाह्रो हुने भएपछि दिवाकालीन आश्रम सञ्चालनमा ल्याएका हौँ", उहाँले भन्नुभयो । दिवाकालीन आश्रममा आउने ज्येष्ठ नागरिकलाई आश्रमले नै दिवा खाजाको व्यवस्था गरेको छ । दिवाकालीन आश्रम हप्ताको छ दिन सञ्चालन हुने र आइतबार बन्द हुन्छ । "शनिबार र चाडपर्वका दिनमा झन बढी ज्येष्ठ नागरिकको आगमन हुन्छ", उहाँले भन्नुभयो, "भजनकीर्तनका लागि वडाभित्रकै टाढा टाढाबाट समूह पनि आउँछन् ।" ज्येष्ठ नागरिकले एक्लो महसुस गर्न थालेपछि दिउँसोको समयमा जम्मा हुने, एकापसमा भलाकुसारी गर्ने गरी सङ्कीर्तन समूहले दिवाकालीन आश्रम निर्माण गरेको थियो । विभिन्न कारणले बाबुआमाको स्याहारमा छोराछोरीले समय दिन नसकेपछि यहाँका ज्येष्ठ नागरिक सदरमुकामस्थित पञ्चायन मन्दिर, चौतारालगायतका ठाउँमा जम्मा भएर दिन कटाउन बाध्य भएका थिए । "दिउँसोको समयमा ज्येष्ठ नागरिकलाई दिन कटाउन गाह्रो हुँदै गएको महसुस गर्‍यौँ, यसकारण उहाँहरू अन्यत्र ठाउँमा गएर दिन कटाउन थाल्नुभयो", उहाँले भन्नुभयो, "त्यसैलाई मध्यनजर गरेर वडाभित्रै दिवाकालीन आश्रम निर्माण गरेका हौँ", उहाँका अनुसार यहाँका ज्येष्ठ नागरिक २०-२५ मिनेट पैदल हिँडेरै राजमार्गको बाटो हुँदै सदरमुकाम जाने गर्दथे ।

वृद्धवृद्धाको सम्मान र अभिरुचिअनुरुप जीवन बिताउनका लागि ज्येष्ठ नागरिकलाई आश्रममा विभिन्न सङ्गीतका सामान उपलब्ध गराइएको छ । "वृद्धवृद्धा दैनिक आएर विभिन्न भजनकीर्तन गर्ने, गाउने, बजाउने गर्नुहुन्छ", उहाँले भन्नुभयो । आश्रममा विभिन्न व्यक्तित्वले जन्मोत्सवको अवसरमा आएर सहयोग गर्ने गरेका छन् । सङ्कीर्तन समूहले विसं २०७२ सालदेखि कृष्णअष्टमीको अवसर पारेर कृष्णभुला कार्यक्रम गर्दै आएको थियो । उक्त कार्यक्रममा भक्तजनबाट सङ्कलन भएको दान रकम, देउसीभैलो खेलेर सङ्कलन गरेको रकम र अन्य दानवीरको सहयोगबाट आश्रमको दुई तल्लाको भवन निर्माण गरिएको समूहका सचिव शरण खनालले बताउनुभयो । उहाँका अनुसार भवन निर्माणका लागि रु ३५ लाख खर्च भएको छ । "प्रत्येक वर्ष देउसीभैलो खेलेर रकम जम्मा गरेका थियौँ, वडा कार्यालयबाट पनि केही सहयोग भएपछि भवन निर्माण सम्पन्न गर्न सक्यौँ", उहाँले भन्नुभयो ।